फोटो प्रतियोगितामा थाहाका भुजेल दोस्रो । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com






● मकवानपुर, वर्ष-१४, ● अंक-४९ ● २०७९ असार ०६ गते सोमबार, ● 20 June 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


## थाहा शीतभण्डारका लागि ३ करोड बजेट विनियोजन



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको थाहा शीतभण्डारका लागि ३ करोड रूपियाँ बजेट विनियोजन भएको छ ।

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० का लागि १ असारमा गरेको बजेट भाषण मार्फत शीतभण्डार का लागि ३ करोड रूपियाँ बजेट विनियोजन भएको आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्मकट्टेलेलले जानकारी गराए ।

बजेट भाषणमा भनिएको छ-'थाहा नगरपालिकासंगको लागत साँझेदारीमा साँझेदारीमा निर्माण भएको शीतभण्डार का लागि आवश्यक यन्त्र उपकरण खरिद गर्न रू.३ करोड बजेट व्यवस्था गरेको छु ।'

भौतिक पूर्वाधार निर्माणको अन्तिम चरणमा पुगेको थाहा शीतभण्डारका लागि यन्त्र उपकरण खरिदका लागि बजेट प्रदेश सरकारले विनियोजन गरेको हो । बजेट व्यवस्था गरेकोमा थाहा नगरपालिकाका निवर्तमान नगर प्रमुख लवशेर विष्टले प्रदेश सरकारलाई धन्यवाद दिए ।

बजेट व्यवस्था भएसंगै थाहानगरमा आगामि आर्थिक वर्षबाट शीतभण्डार संचालन हुने थाहानगर प्रमुख विष्णु विष्टले विश्वास व्यक्त गरे ।

## थाहानगरका सैलुनलाई स्पष्टिकरण

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरभित्रका सैलुनको ठगी शिर्षकमा स्थानीय सञ्चार माध्यममा समाचार प्रकाशित भएपछी थाहा नगरपालिका एक्सनमा उत्रिएको छ ।

थाहा नगरभित्रका सैलुनहरूले जिल्ला नाइँ संघको अनाधिकृत मुल्यसुची राखी उपभोक्ता ठगी गरेको समाचार आएपछि जिल्ला प्रशासन कार्यालयले थाहा नगरपालिकालाई अनुगमन गरी कारबाही गर्न आदेश दिएको थियो ।

आदेशानुसार थाहा नगरपालिकाको उपभोक्ता हित संरक्षण मञ्चका संयोजक समेत रहेका उपप्रमुख भरत गोपाली, थाहा नगरपालिकाका प्रशासकीय अधिकृत हरिलाल पुरी, अनुगमन समिती सदस्य अनिल लामिछाने लगायतकाले नगरमा संचालित सैलुनका संचालकहरूलाई कार्यालयमै डाकी स्पष्टीकरण सोधिएको सोधेका थिए ।

स्पष्टीकरण पछि आइन्दा जिल्ला नाइँ संघको दररेट भन्दा बढी रकम नलिने सहमती भएको उपप्रमुख भरत गोपालीले जानकारी दिए । गोपालीले ग्राहकहरूलाई पनि सचेत हुन आग्रह गर्दै आइन्दा यस्तो गरेको पाइएमा कानुनी कारवाही गरिने बताए । त्यस्तै मिति अगावै र ढुसी परेको खाद्य सामाग्री बेचेको भन्दै स्थानीय बेकरी संचालकलाई पनि सचेत गराइ चेतावनी दिइएको छ ।

# कुवाको पानी पिउने बाध्यता हट्दै

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिकाले पाँच वर्षअघिसम्म खानेपानीमा ठुलो समस्या झेल्दै आएको थियो । खानेपानीको लागि सधै हाहाकार नै हुने नगरमा २०७२ सालको भूकम्पपछि पानीका मुहानहरू सुकेर जाँदा अझ ठुलो समस्या आइपर्यो ।

पानीको मुहानहरू नै सुकेपछि धेरै जनसमुदायले खानेपानीको असुविधा भोग्दै आएका थिए । तर, २०७४ सालको स्थानीय तहको निर्वाचनबाट जनप्रतिनीधिहरू निर्वाचित भएर आएपछि थाहानगर पालिकामा खानेपानीको समस्या समाधान हुँदै गएको छ ।

खानेपानीको लागि सधै हाहाकार हुने थाहानगरका धेरै घरमा धारा बनिसकेका छन् । कयौं घण्टा हिँडेर मुहानको पानी लिन जानुपर्ने धेरैको बाध्यताको अन्त्य भइसकेको छ ।

वि.सं. २०७२ को भुकम्पपछि थाहा नगरपालिकाको १० नम्बर वडाका करिब ६ सय घरधुरी खानेपानी सुविधाबाट वञ्चित भएका थिए । नगरपालिकाले गैरसरकारी संस्थासँग मिलेर २ करोड ५६ लाख रूपैयाँको योजना सञ्चालन गरी डिप बोरिङमार्फत पानी निकालेर घरघरमा खानेपानी सुविधा पुर्याएको छ । खानेपानीको अभावले कुवा र खोलामा निर्भर रहँदै आएका थाहा नगरपालिका वडा नम्बर ६ वज्रबराही, १० नम्वर वडाको विसिङ्खेल, टौखेललगायत ११ नम्बर वडा टिस्टुङ मालागिरीमा घरघरमा पानीको धारा जडान गरिएको छ ।

खानेपानी समस्याले हाहाकार नगरपालिकाका ११ सय घरधुरीका झन्डै १० हजार जनसंख्या लाभान्वित भएका छन् । पानीको सबैभन्दा समस्या रहेको थाहा नगरपालिका-१० चित्लाङका ५ सय ४० घरधुरीमा खानेपानीको सेवा उपलब्ध गराइएको नगरपालिकाले जनाएको छ । खानेपानीको अभावले गर्दा उक्त क्षेत्रका बासिन्दा कुवा र ढुंगेधारामा निर्भर थिए ।

वडा नम्बर ७, जहाँ पानीको अत्यन्त संकट थियो, त्यहाँ करिब ६ करोड रूपैयाँ लागतमा लिफ्टिङ खानेपानी योजना कार्यान्वयन भइरहेको छ । त्यो पनि सम्पन्नको चरणमा पुगेको छ ।




त्यसमा प्रदेश सरकारको ७० लाख, जिल्ला समन्वय समितिको डेढ करोड रूपैयाँ र बाँकी रकम च्वाइस नेपाल संस्थाले हालिदिएको छ । त्यसैगरी आग्राको दामगाडे खानेपानी आयोजना पनि निर्माणाधीन छ । करिब ९० लाख रूपैयाँ लागतमा उक्त आयोजना निर्माण भइरहेको छ ।

उक्त आयोजनाको लागि प्रदेश सरकारले ६० लाख रूपैयाँ अनुदान दिएको छ । त्यस्तैगरि विभिन्न गैरसरकारी संस्था,उपभोक्ता समिती र नगरपालिकाले बाँकी लगानी गरेर खानेपानी आयोजना निर्माण कार्य भइरहेको नगरपालिकाका निवर्तमान नगर प्रमुख लवशेर विष्टले जानकारी दिए ।

त्यस्तै थाहा नगरपालिकाको वडा नम्बर १, २, ३ र ४ का लागि करिब ३ हजार घरधुरीलाई खानेपानी सेवाका लागि संघीय सरकारबाट ३० करोड ५७ लाख करोड रूपैयाँ स्वीकृत भएको छ । यस योजनाको टेण्डर समेत भैसकेको विष्टले जानकारी दिए । उनले भने-'मेरो कार्यकालमा नागरिकलाई खानेपानीबाट विमुख गराउँदिन भनेर सोचेको थिएँ, करिब सफल भएँ ।' मेरो कार्यकालमा शुरू भएका सबै खानेपानी योजना सम्पन्न भएपछि नगरका अधिकांशले धाराको पानी पिउँछन्, खोला र कुवा धाउन पर्दैन, विष्टले थपे ।

संघीय सरकारले स्वीकृत गरेको बजेट र योजनामा नगरपालिकाले १ प्रतिशत अर्थात ३० लाख ५७ हजार रूपैयाँ साँझेदारी गरेर करिब ३ हजार घरधुरीलाई खानेपानीको पहुँच पुर्याउन खानेपानी आयोजना निर्माण कार्य हुन लागेको उनले बताए ।

टिस्टुङमा पनि खानेपानी सुविधाका लागि धेरै काम भएका छन् । अब नगरपालिकाको केहि स्थानबाहेक अधिकांश स्थानमा खानेपानीको समस्या करिब हल भइसकेको विष्टको भनाइ छ ।

उनले नगरपालिकाको टिष्टुङ क्षेत्रका केहि स्थानमा खानेपानी पुर्याउने नसकिएको समेत बताए । उनले भने' टिष्टुङमा खानेपानी पुर्याउन अलि गाह्रो पनि देखिएको छ । त्यो क्षेत्र अलि टाढा हुनुको साथै त्यहाँ घरपरिवार थारै भएकोले पनि बोरिङ गरेर खानेपानी लैजान समस्या भएको छ । तर, त्यसको लागि पनि छुट्टै योजना बनाएर खानेपानीको पहुँच पुर्याउनुपर्छ ।

निवर्तमान मेयर विष्टले आफू थाहा नगरपालिकाको मेयरमा निर्वाचित हुने बितिक्कै खानेपानीलाई प्राथमिकता दिएर काम गरेको बताए । खानेपानी मानव जीवनको मुख्य आवश्यकता भएकोले त्यसलाई प्राथमिकतामा राखेर काम गरेको उनको भनाई छ ।




प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/०६५/०६६ म.जि.हु.दर्ता नं. २३/०६६/०६७

## • सम्पादकीय •

### अर्को विकृति: विकास होलिडे

विकास भनेको निरन्तर चल्ने प्रक्रिया हो । यसको न कहिले अन्त्य हुन्छ न प्रारम्भ नै । एउटा कार्यक्रम/आयोजना सकिएला, त्यसैबेला अर्को एउटा प्रारम्भ होला । यी सबै कार्यक्रम/आयोजनाको अवस्थामा भर पर्ने कुरा हुन्, तर होलिडे भनेर न तिनलाई रोक्न मिल्छ न मन लाग्यो भनेर प्रारम्भ गर्न नै । तर नेपालमा चाहिँ त्यस्तै भइरहेको छ । यता यस्तो गर्ने ठेकेदाहहरूमाथि चेतावनीका लागि कारबाही गर्नुको साटो सरकारी कर्मचारी भने उनलाई नोक्सानी परेको भनी सहानुभूति प्रकट गरेर नियमावली नै शंसोधनको तयारी गर्न लागेका भन्ने समाचारहरू आउन थालेका छन् । यो पनि आफैँमा एउटा उदेकलाग्दो हुनुपर्छ । बितेको लामो समयदेखि निर्माण व्यवसायीहरूले विकास निर्माणको काममा औपचारिकरूपले नै अवरोध पुऱ्याइरहेका छन्, निर्माण होलिडेका नाममा । उनीहरूको माग हो खरिद नियमावली संशोधन हुनुपर्छ भन्ने । अहिलेको नियमावलीले उनीहरूलाई घाटा भएको ठहर छ व्यवसायीहरूको । जब निर्माण व्यवसायीले काम छाडेर सडक आन्दोलन रोजे त्यस दिनदेखि विकासका कामहरू ठप्प छन् भने काम नभएपछि विकासखर्च पनि रोकिने भयो नै । पछिल्लो समय विकासखर्चमा विगतको भन्दा धेरै नै बढी हुनेगरी ह्रास आएको स्थिरतको कारण पनि यही हुनुपर्छ । यतिबेला विकासखर्च बढ्ने बेला हो । वर्षभरि हुन नसकेको खर्च जेठ र असारमा एकैचोटी हुनेगरेको विगतका उदाहरण छन् ।

चालू आर्थिक वर्ष सकिन अब एक महिना पनि बाँकी छैन । अब बढी खर्च यस्तो समय महिना होइन दिनमा गणना हुन थालेको छ । तर यता निर्माणाधीन रहेका देशैभरिका परियोजनाहरू ठप्प छन्, जसले विकासको काम र खर्चलाई पनि असर पर्ने भयो नै । सार्वजनिक पूर्वाधार निर्माणसँग सम्बन्धित निकाय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जेठको मसान्तसम्म विकासको रकमबाट ४१ प्रतिशत मात्र खर्च गरेको विवरण प्रकट भएको छ । चालू वर्ष यो मन्त्रालयका नाममा एक खर्ब ५६ अर्ब २५ करोड १० लाख ४१ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा यो बेलासम्म ६४ अर्ब छ करोड २९ लाख २६ हजार रुपैयाँ मात्र खर्च भएको देखिएको छ । यो मन्त्रालयले गर्ने काम भनेको सडक, पुललगायतका पूर्वाधारहरूको निर्माण नै हो । निर्माण होलिडेले त्यसलाई रोकिदियो । त्यसको असर कस्तो पऱ्यो भने यतिबेला त हुनैपर्ने पुँजीगत खर्च पनि हुन पाएन । त्यसले विकासको अवस्था पनि बुझाउँछ । अर्थात् सबैभन्दा बढी काम हुने समय पनि होलिडेका कारण विकास निर्माण ठप्प भयो ।

यी काम जसरी रोकियो त्यसको प्रकृतिले रोक्नुपर्ने अवस्था नै होइन । सरकारका सम्बन्धित निकाय र निर्माण व्यवसायी एक-अर्काका पुरक सम्बन्ध भएका संस्था हुन् । यिनीहरू आपसमा टेबुलमा नै बसेर सुल्टाउने विषय हुन् । विकास निर्माणको काम नै रोकेर यसरी होलिडे मनाउन थालियो भने यो दण्डनीय हुन जान्छ । महिनौँसम्म विकासमा त्यस्तो अवरोध गर्ने अधिकार कसैमा पनि छैन । सरकारमा रहेकाहरूले होलिडे भनेर जब व्यवसायी सडकमा आए, त्यसपछि नै सरकारले विकल्प खोज्नु पर्थ्यो । सरकारी पक्षबाट यो ठाउँमा गल्ती भएको छ । त्यसै पनि चालू आर्थिक वर्षको ११ महिनासम्ममा पुँजीगत खर्च ३६ दशमलव दुई प्रतिशत मात्र भएको भनी सरकार आलोच्य भइरहेको छ । त्यसलाई सच्याउनुको साटो यस्ता सुन्दै अचम्म लाग्दो नियमावली सच्याउन तिर लाख्गू एकातिर विकासलाई झन छियाछिया बनाउन खोज्नू राम्रो होइन । यसलाई सच्याई सरकार कानून कार्यान्वयनमा अडिग रहनूपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# कार्यान्वयनको कसीमा कृषिका नीति तथा कार्यक्रम



बाबुकाजी कार्की

नेपालका ६० प्रतिशत जनसंख्या कृषिमा आश्रित छन् । आव २०७७/७८को आर्थिक सर्वेक्षणअनुसार कुल गार्हस्थ्य उत्पादनमा करिब २८ प्रतिशत अंश कृषि क्षेत्रको रहेको छ । आर्थिक वृद्धिदरमा कृषिक्षेत्रको योगदान ३२ प्रतिशत जति छ । यसरी कृषि क्षेत्रले आशातित प्रगति गर्न नसक्नुमा विविध कारण हुन सक्छन् । पर्याप्त लगानीको अभाव, कृषि पूर्वाधारमा न्यूनता, व्यावसायिक ज्ञान, सीप र दक्षता एवं आधुनिकरण र व्यापारीकरणको अभाव, सरकारी कार्यक्रमहरू खाँटी कृषकहरूसम्म नपुगेर टाठाबाठाहरूले रजाइँ गर्नु आदि नकारात्मक प्रवृत्तिले कृषि क्षेत्र आत्मनिर्भर हुन नसकेको टड्कारो देखिन्छ । कृषि क्षेत्रका कार्यक्रमहरूप्रति सरकार र सरोकार पक्षको उदासिनताको कारण जोखिममा पर्नेगरेको छन् ।

आगामी आव २०७८/७९को बजेटमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि ५५ अर्ब ९७ करोड बजेट विनियोजन गरिएको छ । कृषि क्षेत्रको रूपान्तरण र रोजगारी वृद्धिः निरपेक्ष गरिबीको अन्त्य र आर्थिक समृद्धि भन्ने नाराका साथ विविध कार्यक्रमहरूको प्रस्ताव बजेट वक्तव्यमा उल्लेख गरिएको छ । आगामी वर्ष आत्मनिर्भरताको लागि राष्ट्रिय अभियान हुने अपेक्षा राखिएको छ । कृषकलाई सरल र सहजरूपमा बीउ, मल, प्रविधि र सिँचाइ सुविधा उपलब्ध गराउने, सहुलियत ऋण, उत्पादन ढुवानीका लागि कृषि एम्बुलेन्स, कृषि बीमा, कृषि विज्ञ उत्पादनलगायतका विविध कार्यक्रमहरू बजेट वक्तव्यमा उल्लेख भएका छन् । विगत वर्षहरूमा पनि यस्ता कार्यक्रमहरू आए पनि कार्यान्वयन पक्ष फितलो रहेको जगजाहेर नै छ ।

समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्ति कृषिक्षेत्रको विकास र विस्तारबाट मात्रै साकार हुन सक्छ । कृषिप्रधान देश नेपाल भन्ने परम्परागत मान्यता अहिले कृषिकर्मप्रतिको उपेक्षाको कारण व्यवहारमा पुष्टि हुन सकेको छैन । नेपालबाट विगतमा कतिपय कृषि उपज विदेश निकासी गरिन्थ्यो । अहिले आफैँ सामान्य खालका कृषि उपजमा पनि अन्य देशको आयातमा निर्भर रहने बाध्यतामा रहेका छौँ । खेतीयोग्य जमिन र पर्याप्त युवा जनशक्ति हुँदाहुँदै पनि कृषि क्षेत्रको अवस्था टीठलाग्दो रहनु समृद्धिको लागि शुभसंकेत होइन । कृषकहरू आफ्नो कृषि पेसाबाट पलायन हुँदै जानुका कारणहरू बेलैमा खुट्याएर सम्बोधन हुन नसकेमा पछि स्थिति सुधार्न हम्मेहम्मे नहोला भन्न सकिन्न । कृषि व्यावसायिकभन्दा निर्वाहमुखीका कारण कृषि क्षेत्रले फड्को मार्न सकेको छैन । कृषिमा आत्मनिर्भर बन्न अव्यावहारिक भाषण र आश्वासनभन्दा प्रभावकारी एक्सनको जरूरत देखिन्छ । अर्थात् कृषिमा आत्मनिर्भता काम हो बखान होइन भन्ने सरोकार पक्षले हेक्का राख्नु बुद्धिमानी ठहर्छ ।

कृषिको विकास र विस्तारको लागि निर्वाहमुखीबाट व्यावसायीमुखीतर्फ फट्को मार्न ढिला भइसकेको छ । कृषिमा आधुनिकीकरणभन्दा पनि परम्परागत प्रविधि प्रयोगका कारण यथास्थितिमा परिवर्तन आउन नसकेको हो । कृषि उत्पादनलाई व्यावसायीकरण, विविधीकरण, आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्वमा क्षमता अभिवृद्धि गर्दै लानेतर्फ सरकार र सरोकार पक्षको ध्यान जानुपर्ने खाँचो देखिन्छ । कृषिप्रधान भनिएको देशमा कृषि उपज विदेशबाट निस्फिक्री आयातबाट स्वदेशी पुँजी बाहिरिने क्रम बढ्दै जानु दुःखद हो ।

भन्सार विभागले सार्वजनिक गरेको यस वर्षको पहिलो छ महिनाको तथ्यांक हेर्दा करीब २९ अर्बको मात्र कृषिजन्य उपजको निर्यात भएको देखिन्छ । जब कि एक खर्ब ३० अर्ब रूपैयाँबराबरको कृषिजन्य वस्तु आयात भएको छ । जसमा फलफूल आठ अर्ब ४९ करोड, तरकारी १९ अर्ब २२ करोडबराबर आयात हुँदा क्रमशः एक करोडको फलफूल र ३५ करोड रूपैयाँको तरकारी निकासी भएको छ ।

पछिल्लो तथ्यांकअनुसार नेपालमा करिब ३५ लाख जमिन खेतीयोग्य भएको अनुमान छ । हाल नेपालमा १४ लाख ८० हजार तीन सय ५६ हेक्टरमा मात्र सिँचाइ सुविधा पुगेको अनुमान छ । यो भनेको कुल खेतीयोग्य जमिनको ५० प्रतिशत जति मात्रै हो । नेपालमा ६३ दशमलव ५ प्रतिशत रोजगारी कृषि क्षेत्रले दिएको छ । कुल ग्रार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै २७ प्रतिशतमा सीमित हुन पुगेको छ ।

सामान्य पहलबाट मात्रै पनि पर्याप्त उत्पादन गर्न सकिने कृषि उपजमा समेत व्यापारघाटा बेहोर्नुपर्ने बाध्यतामा समृद्धिको सपना कसरी पूरा होला चिन्ता र चिन्तनको विषय हो । कृषि उपज वृद्धिमा वर्षेनी ह्रास आउनुका कारण के होला ? सरकारले कृषि क्षेत्रमा गरेको लगानी सदुपयोग नभएको हो कि ? आवश्यक अनुगमन निरीक्षणको स्वतन्त्र मूल्यांकनका आधारमा राम्रो कामको प्रोत्साहनका लागि पुरस्कार तथा अनियमिततालाई निरूत्सानहितका लागि दण्डको सुरूवात गर्न विलम्ब भइसकेको छ । कृषि क्षेत्रमा परम्परागत प्रणालीभन्दा पनि आधुनिक प्रविधि, सुधारिएको मल, बीउबिजनको सहज उपलब्धता र प्रयोग उत्साहजनक पाइँदैन । कृषि क्षेत्रमा पछिल्ला समयमा आविष्कार भएका वैज्ञानिक प्रविधि र प्रणालीको प्रचुर प्रयोगविना उत्पादन नबढ्ने निश्चित छ । कृषिमा पर्याप्त अध्ययन र अनुसन्धानविना गरिएको लगानी कनिका छरेजस्तै हात लाग्यो शून्य हुनेतर्फ बेलैमा हेक्का राख्न बिर्सनु हुन्न ।

कृषिक्षेत्रमा देखिएका विसंगति, विकृति र क्षतिलाई समयमा नै सम्बोधन गर्न ढिला भइसकेको छ । कृषि क्षेत्रमा गरिएको लगानीको पर्याप्तता र सदुपयोग भए/नभएको लेखाजोखाको खाँचो खट्किएको छ । सरकारी नीतिनियम र कार्यक्रमको प्रभावकारिताको निष्पक्ष विश्लेषणका आधारमा भावी योजना निर्माण गर्ने परम्परा थालनी गरिनुपर्दछ । कृषि पेसालाई आकर्षक बनाउन ल्याइएका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोना, साना व्यवसायी उत्पादन केन्द्र, व्यावसायिक उत्पादन केन्द्र, कृषि उत्पादन केन्द्रित जोनजस्ता सरकारी कार्यक्रमबाट सक्कली किसानले पर्याप्त लाभ उठाउन नपाएको गुनासो सत्यको नजिक छ । नेपालको कृषि क्षेत्रमा रूपान्तरणका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा ल्याइएको छ । यस परियोजनाअन्तर्गत कृषि बाली, मत्स्य र पशुपन्छी उत्पादनलगायत थप ७१ जोन ल्याइने लक्ष्य राखिएको छ । उपयोगमा नआएको सरकारी कृषि फर्म र बाँझो जमीनमा व्यावसायिक खेती गर्न निजी क्षेत्रलाई भाडामा दिनु उपयुक्त हुन्छ ।

विश्वव्यापीरूपमा फैलिएको कोरोना कहरका कारण विदेशिएका युवाहरू फर्केर अहिले स्वदेशमा नै कृषिकर्ममा लागेका उदाहरण सार्वजनिक हुँदै छन् । गाउँघर का उब्जाउयोग्य बाँझा जग्गाजमिन हराभरा हुने क्रम बढेको छ । विगतमा उपेक्षामा परेको कृषि व्यवसायले विस्तारै गति लिन लागेको छ । यस सुनौलो अवसरलाई सरकारको नीति तथा कार्यक्रमले युवावर्गलाई थप उत्साही बनाउन चुक्नु हुन्न । स्वदेशमा भविष्य नदेखेर विदेश पलायन भएका ऊर्जाशील युवाजनशक्तिलाई कृषिकर्ममा आकर्षण गर्न सरकारले कुनै कसर बाँकी राख्नु हुन्न । कृषि उपजको निर्यात वृद्धि गर्दै आयात घटाउन सके पनि समृद्धिको यात्रामा टेवा पुग्ने वास्तविकता हो ।

कृषि व्यवसायलाई मर्यादित आकर्षक बनाउन सरकार र सरोकार पक्षले दत्तचित्त भएर अझ धेरै कसरत गर्नुपर्ने देखिन्छ । सरकारले कृषि विकासका लागि गरेका कतिपय सहयोगी कार्यक्रमहरू वास्तविक निमुखा कृषकले सुइँको नै नपाई बिचौलिया र टाठाबाठाहरूले अनुचित फाइदा लिएको पाइन्छ । सरकारले कृषि र पशु बीमामा ७५ प्रतिशत प्रिमियम अनुदान दिए पनि यो सेवाबाट लाभ पाउने कृषक एक प्रतिशत मात्र छन् । उन्नत बीउबिजन, मल तथा प्रविधि र प्राविधिक सहयोग पाउने किसानको संख्या पनि न्यून नै छ । यी रयस्ता विकृति, विसंगति र क्षतिलाई न्यूनीकरण गर्दै कृषि उत्पादनमा गुणात्मक र परिमाणात्मक फड्को मार्न तीनै तहका सरकारले अल्पकालीन र दीर्घकालीन व्यावहारिक योजना ल्याउनुपर्ने हुन्छ । हाम्रो कृषि उपजले विश्व कृषि बजारमा प्रतिस्पर्धा गर्न मागअनुसार भर पर्दो गुणस्तरीय उत्पादनतर्फ ध्यान दिनु जरूरी छ ।

अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्न प्रांगारिक मलको प्रयोग, रासायनिकको सट्टा जैविक विषादीको प्रयोग, चक्ला खेती, सहज माटो परीक्षण, मानवीय श्रमबाट यान्त्रिकीकरणमा प्रवेश, खेतीको चक्रिय प्रणाली, बजार व्यवस्थापन सुनिश्चितता, सहज कृषि ऋण, जमीन खालि नराखीकन सम्भव भएसम्म वर्षमा दुई/तीन बाली लगाउने नीति, अन्तर बाली लगाउनका साथै कृषकलाई पेन्सन

*बाँकी पृष्ठ ३ मा*

# साथीसंग खेल्न सिक्ने बालबालिकाको मानसिक स्वास्थ्य राम्रो हुने

सानै उमेरमा अरूसँग राम्रोसँग खेल्न सिक्ने बालबालिकाको मानसिक स्वास्थ्य राम्रो हुने एउटा नयाँ अनुसन्धानले देखाएको छ ।



अन्य बच्चाहरूसँग सफलतापूर्वक खेल्ने क्षमताले मानसिक स्वास्थ्यमा सुरक्षात्मक प्रभाव पार्ने अध्ययनको निस्कर्ष छ । क्याम्ब्रिज विश्वविद्यालयका अन्वेषकहरूले तीन र सात वर्षको उमेरमा जम्मा गरेका झण्डै १७ सय बालबालिकाको तथ्यांक विश्लेषण गरेका थिए ।

तीन वर्षको उमेरमा साथीहरू राम्रो खेल्ने क्षमता भएकाहरूले लगातार चार वर्षपछि खराब मानसिक स्वास्थ्यको न्यून लक्षण देखाएका थिए । तिनीहरूमा न्यून हाइपर एक्टिभिटी देखिएको, आचरण र भावनात्मक समस्याबारे आमाबाबु र शिक्षकहरूले थोरै गुनासो गरेको र तिनीहरू अन्य बच्चाहरूसँग थोरै झगडा वा न्यून असहमति राख्ने गरेको अध्ययनमा उल्लेख छ । अनुसन्धानकर्ताहरूले विशेषगरी मानसिक स्वास्थ्य समस्याको जोखिममा रहेका बच्चाहरूको उपसमूहहरूमा केन्द्रित गर्दा पनि उक्त 'कनेक्सन'ले काम गरेको थियो । मानसिक स्वास्थ्यको लागि अन्य जोखिम कारक तत्वहरू-जस्तै गरिबीको स्तर, गर्भावस्थाको समयमा वा त्सपछि आमामा गम्भीर मनोवैज्ञानिक संकटको अनुभव इत्यादिले पनि बालबालिकाको मानसिक स्वास्थ्यमा असर गरेको हुन्छ ।

मानसिक स्वास्थ्य समस्याहरूको जोखिममा पर्न सक्ने साना बालबालिकाहरूलाई साथीहरूसँग खेल्ने अवसर दिनुपर्ने अध्ययनको निस्कर्ष छ । शोधको नतिजा 'बाल मनोचिकित्सा र मानव विकास' जर्नलमा प्रकाशित छ ।

# कुकुरले टोक्नासाथ रेबिज लाग्छ ?



रेबिज रोगको बारेमा हामीले धेरै सुनेका छौं । रेबिजको खोप सजिलै उपलब्ध हुने भएकाले पनि अन्य रोगजस्तो यसको विषयमा मानिसहरूले त्यति चासो दिएको पाइँदैन ।

तर यसको खोप उपलब्ध हुनु भन्दा पहिले रेबिजको कारण जति व्यक्तिको मृत्यु हुन्थ्यो त्यो संख्यामा भने कमी आएको छैन । यसको कारण भनेको रेबिजको बारेमा समाजमा धेरै भ्रम व्याप्त हुनु हो । रेबिज रोग कसरी लाग्छ ? यसको भरपर्दो उपचार के हो ? लगायतका विषयमा केन्द्रित रहेर सरूवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनसँग गरिएको कुराकानी मा आधारित भएर यो सामाग्री तयार गरिएको होः

रेबिज रोगको कुरा गर्दा कुकुर आफैं एउटा भिक्टिम हो । यो रोग कुकुरलाई पनि अन्य जनावरबाट सरेको हुन्छ र कुकुरद्वारा मानिसमा यो रोग सर्छ । कुकुरले टोक्दा त्यसको ऱ्याल मार्फत यो रोग मानिसमा सर्छ । यो हाम्रो शरीरको मांसपेशी हुँदै साना साना नसाहरूमा फैलिन्छ र मुख्य नसामा पुग्छ ।

जंगलको छेउछाउ हुने कुकुरहरूलाई स्याल तथा फ्याउरोको सम्पर्कबाट यो रोग सर्छ । र, जंगल छेउछाउ भएको कुकुर सहरमा पुग्दा त्यो कुकुरको सम्पर्क र टोकाइबाट अन्य कुकुरहरूमा यो रोग सर्छ ।

सरूवा रोगबारे अध्ययन गरेको २० वर्षको मेरो अनुभव अनुसार भन्दा एक दशकयता रेबिजको लक्षण परिवर्तन भएको छ । पहिले रेबिज लागेको कुकुर बढी आक्रामक हुने, पुच्छर निहुरेको, ऱ्याल निकाल्ने जस्ता लक्षण देखिन्थ्यो । तर पछिल्लो समय भने रेबिज लागेको कुकुर मा धेरै लक्षण परिवर्तन भएको पाइन्छ । रेबिज भाइरस भएको कुकुरमा खासै विशेष लक्षण देखिंदैन । कुकुरमा रेबिज भाइरस छ भने सामान्य रूपमा देखिने लक्षण भनेको हावा र पानीदेखि डराउने हुनसक्छ ।

सामान्यतया कुकुरले टोकेको एकदेखि तीन महिनामा लक्षण देखिन्छ भनिन्छ । तर कहिलेकाहीं तीन महिना होइन, वर्षौंपछि पनि देखिन सक्छ । मेरो अनुभव साट्ने हो भने चाहिं धेरै मानिसलाई कुकुरले टोकेको ६ देखि ८ महिनामा लक्षण देखिएको पाएको छु । कुकुरले हातको नसामा टोकेको छ, गहिरो घाउ बनाएको छ, टाउको भन्दा माथि टोकेको छ भने उनीहरूलाई भने केही दिनमा नै लक्षण देखा पर्छ ।

रेबिज संक्रमित कुकुरले मान्छेलाई लखेटेर मात्र टोक्छ भन्ने छैन । अन्य सामान्य अवस्थामा पनि टोक्न सक्छ । आक्रामक भएर टोक्छ भन्ने पनि छैन खेल्दाखेल्दै जिस्कँदा जिस्कँदै टोक्दा पनि रेबिज संक्रमण हुन सक्छ ।

रेबिज संक्रमित कुकुरले टोक्नासाथ सिधै गएर पानीको धारा खोलेर फोर्सले बगिरहेको पानीमा कम्तीमा १५ मिनेट धोयो भने मात्र पनि लगभग ९० प्रतिशत रेबिज भाइरस बगेर जान्छ । यदि सम्भव छ भने साबुनपानीले पखाल्दा झन् प्रभावकारी हुन्छ । त्यसपछि जतिसक्दो चाँडो अस्पताल गएर खोप लगाउनुपर्छ ।

कुकुरले टोकेपछि सकेसम्म छिटो भ्याक्सिन लगाउनुपर्छ । रेबिज लागेको कुकुर १० दिनभित्र मर्छ भने त्यसपछि रेबिजको खोप लगाउनैपर्छ । त्यसैले समय भन्दा पनि कुकुरको अवस्था थाहा पाउनु महत्वपूर्ण हो । तर कुकुरले एक महिना अघि टोकेको थियो । टोक्ने बित्तिकै कुकुर गायब भयो भने उसले पनि रेबिजको खोप लगाउनुपर्छ । कुकुरको अवस्था थाहा छ भने रेबिजको खोप नलगाए पनि हुन्छ ।

रेबिजविरूद्धको खोप लगाइसकेपछि रेबिजको जोखिम हुँदैन । त्यसैले कुकुरले रोक्ने बित्तिकै खोप लगाइयो भने रेबिजको जोखिमबाट बच्न सकिन्छ ।

सामान्य कुकुरले टोकेको अवस्थामा पनि रेबिजविरूद्धको खोप लगाउनुपर्छ, किनकि केही कुकुरहरूमा लक्षणहरू नदेखिएको पनि हुन सक्छ । १० दिनसम्म कुकुरको अवस्था हेरेर खोप लगाउँछु भने पनि ठिकै छ । तर खोप लगाएपछि एकदमै सुरक्षित हुने भएकाले खोप लगाउनु नै उपयुक्त हुन्छ ।

सामान्य कुकुरले टोकेको छ र त्यो कुकुर १० दिनसम्म बहुलाएन भने उक्त व्यक्तिलाई कुनै खतरा हुँदैन । तर सामान्य कुकुरले टोकेको छ त्यो कुकुर १० दिनभित्रमा बहुलायो वा मऱ्यो र व्यक्तिले खोप लगाएको छैन भने त्यस व्यक्तिलाई रेबिज खतरा हुन्छ ।

झन्डै दुई दशकअघिको डाटा हेर्ने हो भने रेबिजको कारण औसत वार्षिक १२ देखि १४ जनाको मृत्यु हुन्थ्यो । तर अहिले भ्याक्सिन व्यापक मात्रामा उपलब्ध हुँदा पनि मृत्युदर घटेको छैन ।

**यसको भरपर्दो उपचार के हो ?**

रेबिजको संक्रमण मांसपेशी हुँदै नसामा फैलियो भने यसको कुनै उपचार छैन । त्यसैले खोप नै यो रोग लाग्नबाट बचाउने एक मात्र उपाय हो । कुकुरले हातको नसामा टोकेको छ, गहिरो घाउ बनाएको छ, घाँटी भन्दा माथि टोकेको छ भने तुरून्त एमोनोग्लोबिन खोप पनि लगाउनुपर्छ ।

रेबिजको खोप कति डोज गलाउने भन्ने बारेमा पनि धेरै भ्रम छ । शून्य, तीन, सात र चौध गरेर दुई हप्तामा चार वटा डोज खोप लगाए पुग्छ । तर बाहिर धेरै ठाउँमा रेबिजको खोपको पाँचवटा डोज लगाएको पनि पाइएको छ ।

सरकारी अस्पतालमा निःशुल्क उपलब्ध छ । यो खोप निजी औषधि पसलमा पनि पाइन्छ । निजी औषधि पसलमा एउटा डोजको मूल्य ६७० रूपैयाँ पर्छ । रेबिजको उपचारको लागि राज्यले कति खर्च गरिरहेको छ ? यसको बचाउका लागि के कस्ता उपाय अपनाएका छन् ?

रेबिज उपचारको लागि एक मात्र उपाय भनेको खोप हो । यसको लागि राज्यले वार्षिक ७ देखि ८ करोड रूपैयाँ खर्च गरिरहेको छ । साथै, यसको बचाउका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम पनि गर्दै आएको छ ।

*(सरूवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनसँग गरिएको कुराकानी मा आधारित)*

# कार्यान्वयनको कसीमा .... .. .. . .

आदि प्रावधानले कृषि उत्पादनमा सकारात्मक परिर्वतन आउने अपेक्षा गर्न सकिन्छ ।

हिमाल, पहाड, तराईमा विविध हावापानी भएअनुसार फलफूल, पशुपालन, अन्नबाली आदी व्यावसायिकरूपमा सञ्चालन गर्ने नीति स्थानीय तथा केन्द्रीय सरकारको प्राथमिकतामा पर्नुपर्दछ । मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने कृषि व्यवसायको प्रवर्द्धन र कृषकलाई जाँगरिलो बनाउन, कृषिकर्ममा करले होइन रहरले लाग्न प्रोत्साहित गर्ने खालका योजना र कार्यक्रमहरू ल्याउन तीनै तहका सरकारले प्राथमिकताका साथ सक्रियता देखाएमा मात्र समृद्धिको यात्रामा कृषिको उल्लेख्य भूमिका रहनेमा दुईमत हुन सक्दैन ।

कृषिमा वैदेशिक लगानीबारे पक्ष र विपक्षमा मतहरू सार्वजनिक हुँदै छ । विदेशी लगानी भित्रिँदा मौजुदा प्रविधि, ज्ञान, सीप तथा अनेकौं नवीनतम अवसरले उत्पादकत्वमा वृद्धि हुने, कृषिमा विविधीकरण, आधुनिकीकरण, उत्पादनमा गुणस्तर वृद्धिलगायत कृषि क्षेत्रमा आमूल परिवर्तन हुने वैदेशिक लगानी पक्षधरको दाबी छ । अर्कोतर्फ देशभित्रै सञ्चालनमा रहेका कतिपय साना कृषि व्यवसायहरू धराशायी हुने, विदेशी उत्पादनले स्वदेशीलाई विस्थापन हुने, केही ठूला विदेशी लगानीकर्ताहरूको हालीमुहाली भई स्वदेशी पुँजी विदेशिने आशंका गर्नेहरूको संख्या पनि कमी छैन । न्यून लगानीका कारण कृषि क्षेत्रमा आमूल परिर्वत गरी फड्को मार्न लगानी वृद्धिको विकल्प छैन ।






# 'रूदाने'को स्मृतिमा थाहा नगरसहित हेटौंडा र काठमाण्डौमा पनि कार्यक्रम हुने

◆ विकास संवाददाता

थाहा अभियानका प्रणेता रूपचन्द्र विष्ट 'रूदाने'को स्मृतिमा यसवर्ष मकवानपुर र काठमाडौंमा विभिन्न कार्यक्रमको आयोजना गरेर मनाईने भएको छ । रूपचन्द्र विष्ट स्मारक समिति नेपालको हेटौंडामा ३० जेठमा बसेको केन्द्रीय कमिटीको विस्तारित बैठकले रूपचन्द्रको स्मृति दिवस असार ७ गते मकवानपुरको हेटौंडा, विष्टको जन्मथलो थाहानगर र काठमाडौंमा मनाउँने निर्णय गरिएको हो ।

यसअघि रूपचन्द्रको स्मृति दिवसमा थाहानगरमा निरन्तर र कहिलेकाही काठमाडौंमा मनाईदै आएको थियो । हेटौंडामा रहेको रूपचन्द्र विष्ट स्मारक समितिको आफ्नै भवनमा बसेको बैठकले बहस, अर्न्तक्रिया तथा सामाजिक काम गरेर असार ७ गते उनको सम्झना मनाउने निर्णय गरेको हो । समितिको भवन हेटौंडा उपमहानगरपालिका-११ नवलपुरमा रहेको छ ।

थाहा नगरपालिकाको पालुङ्मा रूपचन्द्र विष्टको पूर्णकदको प्रतिमा निर्माण गरिएको छ । विष्टले नेपाली समाज र र ाजनीतिमा छुट्टै पहिचान बनाएका छन् । उनले सर्वसाधारणमा थाहा आन्दोलनमार्फत् चेतनाको विगुल फुकेका थिए । जसले जनप्रतिनिधि र सर्वसाधार ण देश र समाजप्रति ईमान्दार हुनुपर्ने शिक्षा दिन्छ ।

समितिका केन्द्रीय अध्यक्ष रामनारायण विडारीको सभाध्यक्षताम




भएको बैठकले अन्य निर्णय पनि गरेको छ । बैठकले समितिको केन्द्रीय कमिटीको सल्लाहारमा मकवानपुरका हरिबहादुर महतलाई मनोनयन गरेको छ । उनी हेटौंडा उपमहानगरपालिकाका निवर्तमान मेयर हुन् । यस्तै केन्द्रीय समितिको सदस्यमा एकराज उप्रेतीलाई मनोनयन गरिएको छ । उनी मनहरी गाउँपालिकाका निवर्तमान अध्यक्ष हुन् ।

यस्तै बैठकले हेटौडा र आसपासका पालिकालाई समेट्दै रूपचन्द्र विष्ट स्मारक समिति गठन गरेको छ । जसमा शुक्रराज राजथला, विजय गौतम, कमला पौडेल, सुवास बर्तौला, टिकाप्रसाद दुलाल, बलारम विक, बच्चु उप्रेती, श्यामकृष्ण बर्तौला, यज्ञप्रसाद तिमल्सिना, ललिता श्रेष्ठ, गोपाल सुवेदी रहेका छन् । यस कमिटीको सल्लाहाकारमा प्रकाश पौडेल, रञ्जना श्रेष्ठ, दीलबहादुर अधिकारी चयन भएका छन् ।

समितिका केन्द्रीय अध्यक्ष तथा थाहा आन्दोलनका सारथी रामनारायण विडारीले रूपचन्द्र विष्टले वर्षौ अघि भनेकुरा अहिले पनि सान्र्दभिक रहेको बताए । रूरूपचन्द्रले देखाएको बाटोमा हिँड्न नसक्दा देश अहिलेको अवस्थामा पुगेको उनको भनाई छ । अब रूपचन्द्रका भनाई, गराई र भोगाईलाई विश्वसामु पुर्याउने काम समितिले थालेको जानकारी दिए ।

विश्वले रूपचन्द्रको थाहा आन्दोलन, सिद्धान्त, नीति र विचार कस्ता थिए भन्ने कुरा अब अध्ययन गर्न पाउने अध्यक्ष विडारीले बताए । जसका लागि समितिले वेवसाईट निर्माण गरेको र असार ७ गते काठमाडौं आयोजना हुने कार्यक्रमबाट त्यसको सुरूवात हुने जानकारी दिए । समितिले यसअघि रूपचन्द्र विष्टका बारेमा पुस्तक समेत प्रकाशन गरिसकेको छ ।

बैठकमा अध्यक्ष रामनारायण विडारी, एकराज उप्रेती, हरिबहादुर महत, लवशेर विष्ट, विजय गौतमलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# फोटो प्रतियोगितामा थाहानगरका भुजेल दोस्रो




◆ विकास संवाददाता

'स्थानीय तहको निर्वाचन २०७९ मा महिला सहभागिता सम्बन्धी फोटो प्रतियोगिता' को नतिजा सार्वजनिक भएको छ ।

'सन्धान मोबाइल फोटो प्रतियोगिता' मा आशिष गुप्ताले दाङमा खिचेको फोटो प्रथम भएको छ । प्रतियोगितामा उनले दाङको तुलसीपुर नगरपालिका वडा नम्बर ५ की २६ वर्षिया सुनिता विकको फोटो पठाएर प्रतियोगितामा सहभागी भएका थिए । फोटोमा विकलाई श्रीमान्को किरियामा बसेको बेला मतदान गर्न खाली गोडा मतदान केन्द्रमा पुगेकी देखिन्छन् ।

प्रतियोगितामा मकवानपुरका सुरजकुमार भुजेल दोस्रो भएका छन् । भुजेलले मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर ७ की ८३ वर्षिया दिलमाया चेपाङले मतदान गर्दै गरेको देखिन्छ । यसैगरी, स्मृति वाई सीले खिचेको फोटो तृतीय भएको छ । उनको फोटोमा ह्विलचेयरमा गएर पहिलो पटक मतदान गरेकी मीना चौधरी छिन् । चौधरी दाङको तुलसीपुर उपमहानगरपालिका वडा नम्बर २ को बालापुर मतदान केन्द्रमा आफन्तको सहयोगमा मतदान गर्न गएकी थिइन् । प्रतियोगिताको 'पिपुल च्वाइस' विधामा पनि स्मृति वाई सीले खिचेको मीना चौधरीकै फोटो पुरस्कृत भएको छ । उत्कृष्ट फोटोहरूलाई सन्धानले नगद पुरस्कारको व्यवस्था गरेको छ ।

'स्थानीय तह निर्वाचन २०७९ मा महिला सहभागितासम्बन्धी फोटो प्रतियोगिता'को नतिजा 'सन्धान'ले ३१ जेठमा सार्वजनिक गरेको हो । स्थानीय तहको दोस्रो निर्वाचनमा भएको महिला सहभागितासम्बन्धी फोटाहरूलाई अभिलेख गर्ने उद्देश्यले 'सन्धान'ले प्रतियोगिताको आयोजना गरेको हो ।

निर्णायक मण्डलमा फोटो पत्रकारहरू श्रुति श्रेष्ठ, कविता थापा र वर्षा शाह थिए । प्रतियोगिताका लागि कुल ५३ वटा फोटो प्रतिस्पर्धामा थिए । तीमध्ये पहिलो चरणमा ३२ वटा फोटाहरू छनोटमा परेका थिए । छनौटमा परेकामध्येबाट १७ वटा फोटालाई निर्णायकमण्डलले 'पिपुल च्वाइस' विधाका लागि प्रतिस्पर्धामा पठाएको थियो । ती फोटालाई 'सन्धान' को फेसबुक पेजमा जेठ २० गतेदेखि जेठ २७ गतेसम्म राखिएको थियो ।

फेसबुक पेजमा राखिएका फोटाहरूमा एक सेयर भएकोलाई दुई दशमलब पाँच, एक लाइकको लागि दुई र कमेन्टका लागि एक अंकभार राखिएको थियो । सबैभन्दा बढी अंक पाउनेलाई 'पिपुल च्वाइस' विधातर्फ पुरस्कृत गरिएको हो ।

प्रतियोगिताका लागि तस्बिर पठाउने मिति वैशाख २५ गतेदेखि जेठ ७ गतेसम्म राखिएको थियो ।

# पर्यटन प्रवर्द्धनमा 'ठोस काम' गर्न होटल एशोसिएशनको आग्रह

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा निर्वाचित नव जनप्रतिनिधिहरूलाई थाहा होटल एशोसियशन मकवानपुरले २१ जेठमा बज्रवाराहीको ओम अध्याय रिसोर्टमा एक कार्यक्रम शुभकामनासहित बधाई दिएको हो ।

कार्यक्रमको अवसरमा थाहा होटल एशोसियशनका सदस्यहरूले नगरले पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राख्न सुझाए । ॐ अध्याय रिसोर्टका संचालक अर्जुन ठकुरीले प्रश्न गर्दै भने–'नगरले पर्यटन सम्बन्धि नारालाई कत्तिको सार्थक तुल्यायो ?' थाहामा घुम्न आउनेहरूलाई ग्राहकको रूपमा नहेरी पर्यटकका रूपमा बुझ्नुपर्ने ठकुरीले बताए । पर्यटन आगमनको लागि चाहिने बाटो, पानी, बत्तीजस्ता भौतिक सुविधा र विकासका पुर्वाधारमा सम्पन्न भएमात्र पर्यटन व्यवसायीलाई लाभ हुने बताउ । उनले १२ वडाको वडा प्रोफाइल बनाएर कृषि हुने वडामा कृषिलाई प्राथमिकता दिने र पर्यटनको संभावना भएको वडालाई पर्यटन विकासमा जोड दिन आग्रह गरे ।

नव निर्वाचित तथा निवर्तमान जनप्रतिनीधिहरूको समेत सहभागीता रहेको कार्यक्रममा थाहाको होटल व्यवसायहिरूले बिजुली र टेलिकमको सेवाबाट दुःख पाएको बताउदै आफुले मासिक ७० हजार बिजुलीको बिल तिर्दा पनि एकलाखको डिजलमा खर्च भैरहेको बताउदै बिजुली बत्तीको नियमितताको लागि पहल गरिदिन आग्रह गरेका छन् । थाहानगरमा पर्यटन प्रवर्द्धन गर्न पर्यटक प्रहरी, पर्यटक सुचना केन्द्र, पर्यटन सवारी साधन, भाडामा एकरूपता बनाउदै इन्टरनेट सेवा, पर्यटक सुरक्षा, फोहोर व्यवस्थापन, पर्यटकीय बाटोको पहिचान र स्तरोन्नति, छिमेकी पालिकासंग पर्यटकीय फाइदा लिने, साना ठुला पर्यटक व्यवसायका लागि लगानी सम्मेलन गर्ने, पर्यटन व्यवसायीहरूको लागि तालिमको व्यवस्थापन लगायतको काम गर्न कार्यक्रमका सहभागहिरूले जोड दिए । उनीहरूले दामन भ्यु टावरलाई व्यवस्थित गर्ने, खानेपानीको मुल पहिचान गर्ने, नीति तथा कार्यक्रममा नगरको एकीकृत पर्यटन विकासको नीति ल्याउनुपर्ने, पुर्वाधार निर्माण गर्दा पर्यटन मैत्री तथा इतिहास, सस्कृती संरक्षण गर्न समेत सुझाव दिएका थिए ।

कार्यक्रममा होटल एशोसियशनले उठाएको सवालहरूमा निवर्तमान नगर प्रमुख लवशेर विष्टले सम्बोधन गरे । उनले भने–'मेरो कार्यकालमा पर्यटन सम्बन्धि थुप्रै काम शुरू भएको छ ।'

# १८० टनेललाई प्लास्टिक वितरण

◆ विकास संवाददाता

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत् तरकारी जोन कार्यालय पालुङ्ले थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकाका गरी ३६ कृषक समूह तथा सहकारीहरूलाई टनेलका लागि प्लास्टिक वितरण गरेको छ ।

टनेल खेती प्रविधि अन्तर्गत् टनेल निर्माणका लागि सिफारिस भएका जोनमा आवद्ध समूह र सहकारीका कृषकहरूलाई पचास प्रतिशत अनुदान कार्यक्रमअन्तर्गत् प्लास्टिक वितरण गरिएको जोनकी जेटिए प्रमिला पोखरेलले जानकारी दिइन् । 'टनेलमा ५० प्रतिशत अनुदान हो, बाँसको टहरा कृषकहरूले निर्माण गर्दा हामीले प्लास्टिक सहयोग गरेका छौं,' उनले भनिन् ।

३६ रोल प्लास्टिक वितरण गरिएको र एक रोलबाट ६ गुणा २० साइजको पाँचवटा टनेललाई पुग्ने पोखरेलले बताइन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरु
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहामा बालविवाह विरूद्ध तथा महिला हिंसा विरूद्ध अभिमुखीकरण



◆ विकास संवाददाता

बालविवाह विरूद्ध तथा महिला हिंसा बिरूद्धको दुई दिने अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम भएको छ । मकवानपुर थाहा नगरपालिका सामाजिक विकास शाखाको सहयोग तथा दामन चेली समाजको आयोजनामा विकास घर शिखरकोटमा कार्यक्रम भएको हो ।

कार्यक्रममा थाहा नगरपालिका सामाजिक बिकास शाखा प्रमुख अनिल लामिछाने चेली समाजका अध्यक्ष जयन्ती रायमाझी, दामन चेली समाजका कार्यक्रम संयोजक शकुन्तला गोपाली, सचिव राममाया खत्री, लगायतका उपस्थिति रहेको थियो । अभिमुखिकरण कार्यक्रममा थाहा नगरपालिकामा बालविवाह न्यूनीकरणको बारेमा शाखा प्रमुख अनिल लामिछानेले सहजीकरण गरेका थिए भने महिला हिंसा बारेमा थाहा नगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख प्रतिमा मोक्तानले सहजीकरण गरिन् ।

अभिमुखिकरण कार्यक्रममा नगर भित्रका महिला तथा किशोरी हरूको सहभागिता रहेको थियो। सहजीकरण कार्यक्रममा थाहा नगरपालिका भित्र हुने बालबिवाह र महिला घरेलु हिंसा समस्या र समाधानको उपाय विषयमा सहभागी र सहजकर्ता बिच छलफल गरीएको चेली समाजका उर्मिला गोपालीले जानकारी दिइन् ।

# थाहामा एकदिने प्राविधिक परामर्श सम्बन्धी कार्यक्रम

◆ विकास संवाददाता

जिल्ला वनस्पति अनुसन्धान केन्द्र मकवानपुरको आयोजना र सामुदायिक वन उपभोक्ता स्थानीय महासंघ थाहा नगरपालिका (फेकोफन) को समन्वयमा एकदिने प्राविधिक सल्लाह तथा परामर्श कार्यक्रम भएको छ। थाहा नगरपालिकाको विकास घरमा भएको कार्यक्रम थाहानगर प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यमा भएको हो ।

कार्यक्रममा जिल्ला वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुलीले विस्तृत प्रस्तुतिकरण गरेका थिए । उनले नगरपालिकामा जडिबुटी खेतीको सम्भाव्यता र व्यापारिकरणको बारेमा सहभागीहरूलाई जानकारी गराए । प्रमुख पराजुलीले थाहानगरमा जडिबुटी प्रबर्द्धनमा रहेका समस्या र समाधानको उपाय बताउदै जडिबुटी सम्बन्धि अनुसन्धान, खेती प्रविधि, विकास र विस्तार सम्बन्धी कार्यपत्र समेत पेश गरेका थिए ।

नेपालमा भएका ११ वटा वनस्पति उद्यान मध्ये मकवानपुर जिल्लामा मात्रै ३ वटा र त्यस मध्ये पनि थाहानगरमा २ वटा वनस्पति उद्यान रहेको बताउँदै जडिबुटी सम्बन्धि सिप विकास तालिम जनचेतनामुलक कार्यक्रम स्थानीय सरकारले संचालन गर्नुपर्ने बताए । सेरेमोनियल वृक्षरोपण गर्ने कार्यको थालनी पनि उनकै कार्यकालमा सुरू भएको र चाडै नै दामन र टिस्टुङ वनस्पति उद्यानमा समेत सो कार्यक्रमको थालनी गर्ने उनको भनाइ थियो ।

कार्यक्रममा फेकोफेन थाहानगरका उपाध्यक्ष गणेशमान श्रेष्ठले स्थानीय सरकारले तत्काल गर्नुपर्ने स्थानिय वन ऐन निर्माण, वन तथा वातावरण संरक्षण, रिजार्जेवल पोखरी निर्माण, कुलेखानी जलविद्युतबाट हुने आम्दानी बन तथा बाताबरणमा लगानी, महासंघको कार्यालय संचालन, नगरपालिकाको भ-उपयोग नीति तत्काल लागुहुनुपर्ने लगायतका सुझाव दिएका थिए । कार्यक्रममा प्रमुख अतिथी तथा नगर प्रमुख विष्टले बनस्पति कार्यालय र वनलाई बहुउपयोगी बिरूवा बृक्षारोपण गर्दै उत्पादन संग जोड्ने कार्यक्रम ल्याए थाहा नगरले सहयोग गर्ने बताउदै बेरोजगारी समस्या र बाझो जमिनको समस्याको हल गर्नकै लागि जडिबुटी खेती उपयुक्त हुने धारणा राखे । उनले युवाहरूलाई खेतीतर्फ आकर्षण गर्ने खालको कार्यक्रम ल्याउन आग्रह पनि गरे ।

कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, फेकोफनका नगर अध्यक्ष शिवराम थापा, थाहा-३ का वडाध्यक्ष हिरेन्द्र रायमाझीलगायतको आतिथ्यता थियो ।

# किसानलाई विषाधी र समूह व्यवस्थापन तालिम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको अगुवा किसानहरूका लागि एक दिने अगुवा कृषक तालिम सम्पन्न भएको छ ।

थाहा नगरपालिका कृषि विकास शाखाको आयोजनामा विषाधी तथा कृषक समूह व्यवस्थापनको विषयमा तालिम भएको हो । तालिमका सहभागी किसानहरूलाई थाहा नगरपालिका कृषि विकास शाखा प्रमुख संजय तिवारी र कृषि प्राविधिक राजकुमार श्रेष्ठले सहजीकरण गरेका थिए ।

कार्यक्रम आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम संचालन गरिएको कृषि विकास शाखा प्रमुख तिवारीले जानकारी दिए ।

# थाहाका २० जनामा मोतिया बिन्दु

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका थानाबजारमा निःशुल्क आँखा शिविर भएको छ । २ असारमा भएको शिविरमा २० जनामा मोतिया विन्दूका विरामी पत्ता लागेको छ ।

शिविरमा १ सय १७ जनाको आँखा परीक्षण भएको छ । मोतिया बिन्दू पत्ता लागेकाहरूको तिलगंगा आँखा केन्द्र थाहानगरमै शल्यक्रिया हुने पालुङ जेसीज वर्ष २०२२ का महासचिव निरज रायमाझीले जाननकारी दिए ।

हेटौंडा सामुदायिक आँखा अस्पतालको आयोजना तथा थाहा नगर पालिका, पालुङ जेसीजको स्थानीय व्यवस्थापन तथा भिजन हिमालय फाउन्डेसन, स्विजरल्याण्डको सहयोगमा शिविर भएको हो । कार्यक्रममा पालुङ जेसीजका वर्ष २०२२ का अध्यक्ष जयराम खत्रीलगाएत सम्पूर्ण पालुङ जेसीज वर्ष २०२२ का बोर्डका पदाधिकारीहरूको सहभागीता रहेको थियो।

# वडैपिच्छे कृषि र पशु प्राविधिक

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तवय मार्फत हरेक वडामा कृषि प्राविधिकसहित 'एक वडा, एक पशु क्लिनिक' कार्यक्रम लागू गर्ने घोषणा गरेको छ ।

गत आर्थिक वर्षमा पनि घोषणा भएको कार्यक्रमलाई आगामि आर्थिक वर्षका लागि भने आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्मकट्टेलले बजेटसहित वक्तव्यमा ल्याएका हुन् ।

# थाहानगरमा बागमती प्रदेश सरकारका ८४ योजना

◆ विकास संवाददाता

बागमती प्रदेशका विभिन्न विषयगत मन्त्रालयहरूबाट मकवानपुर थाहा नगरपालिका क्षेत्रका लागि ८४ वटा योजना संचालन हुने भएका छन् । आर्थिक वर्ष २०७९/०८० मा प्रदेशका मन्त्रालय/निकायहरू मार्फत योजनाहरू संचालन हुने भएका छन् ।

थाहा नगरपालिका क्षेत्रमा संचालन हुने योजनाहरूका लागि ४४ करोड २५ लाख रूपियाँ बजेट विनियोजन भएको आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेशले जनाएको छ । थाहानगर मा सबैभन्दा कम थाहा-५ मा एउटा योजना र सबैभन्दा बढि वडा नम्बर १२ मा १७ वटा योजनाको लागि बजेट विनियोजन भएको छ ।

यसैबीच थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको प्रसिद्ध गोरखनाथ मन्दिरका लागि १० लाख रूपियाँ बजेट विनियोजन भएको छ ।

बागमती प्रदेश सरकारले १ असारमा आर्थिक वर्ष २०७९/०८० का लागि भएको आफ्नो बजेट बक्तव्य मार्फत उक्त मन्दिरको पूर्वाधार निर्माण गर्नका लागि १० लाख रूपियाँ बजेट विनियोजन थाहा नगरपालिका वडा नम्बर ११ मा रहेको बागेश्वरी माध्यमिक विद्यालयलाई स्कूल बस खरिदका लागि बजेट विनियोजन भएको छ ।

बागमती प्रदेश सरकारले १ असार मा आफ्नो बजेट बक्तव्य मार्फत बागेश्वरी माविका लागि स्कूल बस खरिद गर्नका लागि २५ लाख रूपियाँ बजेट विनियोजन गरेको हो ।

साविक टिष्टुङ गाविसमा पर्ने बागेश्वरी मावि थाहा ११ र १२ को एउटा मात्र माध्यमिक विद्यालय हो । उक्त विद्यालयमा मकवानपुरका साथै धादिङ जिल्लाका विद्यार्थी समेत अध्ययन गर्दछन् । थाहानगर उद्योग वाणिज्य संघलाई १० लाख रूपियाँ बजेट परेको छ ।

बागमती प्रदेश सरकारले १ असार मा आफ्नो बजेट बक्तव्य मार्फत थाहानगर उद्योग वाणिज्य संघको पूर्वाधार निर्माणको लागि बजेट विनियोजन गरेको हो ।

उत्तरी मकवानपुरमा थाहानगर उद्योग वाणिज्य संघ व्यवसायिक हित तथा सचेतनाका लागि क्रियायाशील संस्था हो । यि लगायत अन्य योजनामा समेत बजेट विनियोजन भएको हो ।






## गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।

- बासी र सडेगलेका खानेकुरा नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- झिँगा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर राखौं ।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
- फलफुललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं ।

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- पानीका मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक (मुल), प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की नियमित सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा


बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।



बालविवाह कानूनी रुपमा दण्डनीय छ । कानूनको पालना गरौं/ गराऔं ।


बालविवाह अन्त्य गरौं ।


बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं ।


बालविवाह गरी घरेलु हिंसामा नफसौं ।


बालविवाहका कारण कम उमेरमा गर्भवती भई स्वास्थ्यलाई जोखिममा नपारौं ।

"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

**थाहा नगरपालिका**
**सामाजिक विकास शाखा**
**इन्द्रायणी चौर, मकवानपुर**

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी